# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १० संख्या ११ मिति २०८३ असार ११ गते

## भाग २

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

## तुर्माखाँद गाउँपालिका बजार अनुगमन कार्यविधि, २०८३

**प्रस्तावना** : तुर्माखाँद गाउँपालिका क्षेत्रभित्र स्वच्छ, निष्पक्ष, प्रतिस्पर्धी तथा उपभोक्तामैत्री बजार प्रणालीको विकास गर्न, गुणस्तरीय वस्तु तथा

सेवाको सहज उपलब्धता सुनिश्चित गर्न, अनुचित व्यापारिक क्रियाकलाप, कृत्रिम अभाव, कालोबजारी तथा मिसावट नियन्त्रण गरी आम उपभोक्ताको हक, हित संरक्षण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ एवं उपभोक्ता संरक्षण ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी तुर्माखाँद गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** १) संक्षिप्त नामः यस कार्यविधिको नाम **"तुर्माखाँद गाउँपालिका बजार अनुगमन कार्यविधि, २०८३"** रहनेछ।

२) विस्तारः यो कार्यविधि तुर्माखाँद गाउँपालिकाको सम्पूर्ण भौगोलिक क्षेत्रभित्र लागू हुनेछ।

३) प्रारम्भः यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले तुर्माखाँद गाउँपालिका सम्झनुपर्छ।

(ख) "**कार्यपालिका**" भन्नाले तुर्माखाँद गाउँ कार्यपालिका सम्झनुपर्छ।



तुर्माखाँद गाउँपालिका

(ग) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठित स्थानीय बजार अनुगमन समिति सम्झनुपर्छ।

(घ) "**उपभोक्ता**" भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ङ) "**वस्तु वा सेवा**" भन्नाले बजारमा खरिद-बिक्री वा कारोबार हुने सम्पूर्ण उपभोग्य, निर्माण सामग्री, औषधि तथा विभिन्न व्यावसायिक सेवाहरू सम्झनुपर्छ।

(च) "**व्यवसायी**" भन्नाले वस्तु वा सेवाको उत्पादन, भण्डारण, ढुवानी, थोक वा खुद्रा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, साझेदारी वा कम्पनी सम्झनुपर्छ।

## परिच्छेद —२
## अनुगमन संयन्त्र र काम, कर्तव्य

३. **स्थानीय बजार अनुगमन समितिको गठनः** गाउँपालिकाभित्र नियमित तथा आकस्मिक बजार अनुगमन, नियमन तथा

तुर्माखाँद गाउँपालिका

नियन्त्रणका लागि देहायबमोजिमको स्थानीय बजार अनुगमन समिति रहनेछः

१. संयोजकः उपाध्यक्ष, तुर्माखाँद गाउँपालिका

२. सदस्यः सम्बन्धित वडाको वडा अध्यक्ष (अनुगमन हुने वडाको)

३. सदस्यः प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी

४. सदस्यः उद्योग/वाणिज्य हेर्ने शाखा प्रमुख वा तोकिएको कर्मचारी

५. सदस्यः स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि

६. सदस्यः स्थानीय उद्योग वाणिज्य संघ वा व्यापार संघको प्रतिनिधि

७. सदस्यः उपभोक्ता हित सम्बन्धी संस्था वा स्थानीय नागरिक समाजको प्रतिनिधि

८. सदस्यः इलाका प्रहरी कार्यालय वा प्रहरी चौकी प्रमुख/प्रतिनिधि

९. सदस्य-सचिवः योजना/प्रशासन वा बजार अनुगमन हेर्ने अधिकृत/कर्मचारी

४. **समितिको काम, कर्तव्य र अधिकारः**

१. गाउँपालिकाभित्र सञ्चालित हाटबजार, किराना, होटल, मासु पसल, औषधि पसल, निर्माण सामग्री लगायतका व्यवसायको नियमित तथा आकस्मिक अनुगमन गर्ने।

२. उपभोग्य वस्तुको गुणस्तर, नापतौल, मूल्य सूची, उत्पादन तथा उपभोग्य मिति (Expiry Date) परीक्षण गर्ने।

३. अखाद्य, म्याद नाघेका तथा नक्कली वस्तुहरू तत्काल जफत गरी नष्ट गर्ने।

४. व्यवसाय दर्ता, नवीकरण र कर चुक्ताको अवस्था अद्यावधिक गराउने।

५. अनुगमनका क्रममा कैफियत देखिएका व्यवसायीलाई सचेत गराउने, सुधारको म्याद दिने वा तोकिएबमोजिम जरिवाना तथा कानुनी कारबाही गर्ने।

६. प्रत्येक अनुगमन पश्चात विस्तृत प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने।

## परिच्छेद —३

## अनुगमनका आधार तथा मापदण्ड

### ५. निरीक्षण तथा परीक्षणका मुख्य क्षेत्रः

१. व्यवसाय दर्ता तथा नवीकरणः व्यवसाय सम्बन्धित निकाय एवं गाउँपालिकामा नियमानुसार दर्ता, नवीकरण र कर चुक्ता भए/नभएको।

२. मूल्य सूची र बिल बिजकः पसलमा सबैले देख्ने गरी स्पष्ट रूपमा मूल्य सूची टाँस गरिएको तथा कारोबारमा अनिवार्य बिल बिजक जारी गर्ने व्यवस्था भएको।

३. उपभोग्य मिति र गुणस्तरः खाद्यान्न, पेय पदार्थ तथा औषधिहरूमा उत्पादन मिति, उपभोग्य म्याद, ब्याच नम्बर स्पष्ट खुलाइएको।

४. नापतौल यन्त्रको शुद्धताः गुणस्तर तथा नापतौल विभागबाट प्रमाणिकरण तथा नवीकरण भएका डिजिटल काँटा, ढक, तराजु प्रयोग गरिएको।

५. सरसफाइ र भण्डारणः होटल, रेस्टुरेन्ट, मासु पसल, डेरी तथा खाद्यान्न भण्डारण स्थलमा उचित सरसफाइ र स्वास्थ्य मापदण्ड पालना गरिएको।

६. कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रणः मालवस्तु लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने, सिन्डिकेट वा कार्टेलिङ गरी अत्यधिक मूल्य असुल्न नपाइने।

## परिच्छेद —४
## कसुर तथा जरिवाना सम्बन्धी व्यवस्था

६. **दण्ड तथा जरिवानाको दायराः**

उपभोक्ता संरक्षण ऐन, २०७५ तथा गाउँपालिकाको प्रचलित आर्थिक ऐनको अधीनमा रही अनुगमन टोलीले स्थलगत रूपमा देहायबमोजिम कारबाही तथा जरिवाना गर्न सक्नेछः

| क्र.सं. | कसुर / कैफियत | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक वा सोभन्दा बढी |
|---|---|---|---|---|
| १. | व्यवसाय दर्ता वा नवीकरण विना सञ्चालन गरेको | सचेत गराई १५ दिनको म्याद | रु. २,००० जरिवाना | रु. ५,००० जरिवाना र पसल सिल/बन्द |
| २. | मूल्य सूची स्पष्ट नराखेको वा बिल बिजक नदिएको | सचेत गराई ७ दिनको म्याद | रु. १,००० जरिवाना | रु. ३,००० जरिवाना |
| ३. | गैर-प्रमाणित वा त्रुटिपूर्ण ढक, तराजु प्रयोग गरेको | नापतौल साधन जफत + रु. १,००० | रु. २,५०० जरिवाना | रु. ५,००० जरिवाना र थप कारबाही सिफारिस |
| ४. | म्याद नाघेका, सडेगलेका वा अखाद्य वस्तु बिक्री गरेको | सामान जफत/नष्ट + रु. १,००० | सामान नष्ट + रु. ५,००० | सामान नष्ट + रु. १०,००० र कानुनी मुद्दा दायर |
| ५. | कृत्रिम अभाव, कालोबजारी वा अत्यधिक मूल्य लिएको | रु. ५,००० जरिवाना | रु. १०,००० जरिवाना | रु. २०,००० जरिवाना तथा व्यवसाय खारेजी |
| ६. | होटल/मासु पसलमा न्यूनतम सरसफाइ कायम नगरेको | सुधारका लागि ३ दिनको म्याद | रु. १,००० जरिवाना | रु. ३,००० जरिवाना र कारोबार रोक्का |
| ७. | अनुगमन टोलीलाई असहयोग वा अवरोध गरेको | रु. ५,००० जरिवाना | रु. १०,००० जरिवाना | प्रचलित कानुन बमोजिम प्रहरी कारबाही |

तुर्माखाँद गाउँपालिका

परिच्छेद — ५

विविध

७. जरिवाना दाखिलाः

यस कार्यविधि बमोजिम गरिएको जरिवाना रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा तोकिएको समयभित्र दाखिला गरी भौचर पेश गर्नुपर्नेछ।

८. बाधा अड्काउ फुकाउः

यस कार्यविधिको व्याख्या गर्ने अधिकार तुर्माखाँद गाउँ कार्यपालिकामा निहित रहनेछ र कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ आइपरेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**प्रमाणीकरण मिति २०८३।०६।०८**

**आज्ञाले**
**देवराज चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

तुर्माखाँद गाउँपालिका